आज मिति २०८२ साल वैशाख महिनाको ९ गतेका दिन विहान ८.०० बजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष- श्री टिकाराम पाण्डे
उपाध्यक्ष- श्री निरमाया तरामु
सदस्य- श्री अर्जुन कनौजे
सदस्य- श्री खड्गविर थापा
सदस्य- श्री जित वहादुर तरामु
सदस्य- श्री पिताम्वर ज्ञवाली
सदस्य- श्री वावुराम ज्ञवाली
सदस्य- श्री विष्णुप्रसाद भण्डारी
सदस्य- श्री लोकवहादुर बुढाथोकी
सदस्य- श्री होम वहादुर राना
सदस्य- श्री पतिराम वि.क.
सदस्य- श्री झना परियार
सदस्य- श्री माया कुमारी वि.क.
सदस्य- श्री सृजना कुमाल
सदस्य- श्री कमला पचभैया काउचा
सदस्य- श्री टोपली राना
सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित:

श्री नेत्र प्रसाद पाण्डें, प्रशासन शाखा ।
श्री [illegible]
सुमित पाण्डे सू.प्र.अ.
[illegible] ज्ञवाली
विष्णु प्रसाद ज्ञवाली

बैठक संख्या: १२ मिति २०८२/०१/०९ गतेका प्रस्तावहरु

प्रस्ताव नं.१- अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२- योजना कार्यक्रमको प्रगति समिक्षा सम्बन्धमा।

प्रस्ताव नं.३- प्रदेश विशेष योजना/कार्यक्रम छनौट सम्बन्धमा।

प्रस्ताव नं.४-सत्यवती गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८० संशोधन सम्बन्धमा।

प्रस्ताव नं.५-गौरीशंकर आ.वि. सत्यवती ५ हँसरालाई कक्षा ४ सञ्चालन गर्ने अनुमती दिने सम्वन्धमा।

प्रस्ताव नं.६-विविध सम्बन्धमा। निम्नानुसारका योजनाहरुमा निम्नानुसारको रकम विनियोजन गर्ने सम्वन्धमा ।

क) आदर्श समाजको शौचालय निर्माण वडा नं. ३

ख) देउडाँडा वगालेटोल पैदल मार्ग निर्माण वडा नं.१-

ग) कुटडाँडा खेलकुद मैदान घेरावार वडा नं.३-

घ) हेल्थ हट अगाडि मोटरवाटो निर्माण वडा नं. ५-

ङ) सरस्वती मा.वि. लिम्घा कक्षाकोठा मर्मत तथा निर्माण-४

च) चेघाखोला पद मार्ग निर्माण-६

छ) वडा कार्यालय भल व्यवस्थापन वडा नं. १-

ज) पुरानो सत्यवती मा.वि. वाटो निर्माण वडा नं. ५-

झ) रुपा मिदुनको उपचार खर्चको लागि आ.स. उपलव्ध गराउने सम्वन्धमा

ञ) राष्टिय परिचय पत्र वनाउने र वितरण गर्ने कार्यक्रमको खाना, वास तथा यातायात खर्च उपलव्ध गराउने सम्वन्धमा ।

ट) खैरेनी वजारको नाली व्यवस्थापन खर्च भुक्तानी सम्वन्धमा ।

ट) भानु आधारभूत विद्यालय रङ रोगन सम्वन्धमा ।

ड) इश्वरी आधारभूत विद्यालयलाई जस्तापाता उपलव्ध गराउने सम्वन्धमा ।

ढ) जैनडाँडा खानेपानी तथा सिंचाई टयाङ्की निर्माण (वडा नं. ३) को लागि वजेट व्यवस्था सम्वन्धमा ।

ण) रैकर खानेपानी मर्मत योजनाको रकम उपलव्ध गराउने सम्वन्धमा ।

त) सिंचाईकुलो निर्माण योजनाको नाम संशोधन सम्वन्धमा ।

थ) जोखिमयुक्त रुख कटान गर्ने व्यक्तिको पारिश्रमिक उपलव्ध गराउने सम्वन्धमा

द) रैकर सिंचाई कुलो मर्मत योजनाको रकम उपलव्ध गराउने सम्वन्धमा ।

ध) रकम रकमान्तर गर्ने सम्वन्धमा ।

न) लागत साझेदारीमा हिलटयाङ्क खरिदको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

प) लिम्घा पम्फुका घोरेटो वाटो मर्मतको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

फ) कालिका आ.वि.को नाली तथा पेटी निर्माणको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

ब)साहघाट लिम्घा मोटरवाटो निर्माण तथा स्तरोन्नति कार्यको भेरियसन स्वीकृत गर्ने सम्वन्धमा ।

भ) लागत सहभागितामा उन्नत गाई/भैसी खरिदको लागि रकम व्यवस्थापन गर्ने सम्वन्धमा ।

म) धर्मपुर मा.वि.को मर्मत सम्भारको लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

य) अलैंची, टिमुर र सिन्काउली वितरण तथा व्यवस्थापन कार्यक्रमको लाभग्राही छनोट गर्ने सम्वन्धमा

र) टिमुरको विरुवा वितरण कार्यक्रमवाट फलफुलका विरुवा वितरण कार्यक्रममा वजेट रकमान्तर गर्ने सम्वन्धमा ।

ल)रैथाने वाली प्रवर्धन कार्यकमका लाभग्राही छनोट सम्वन्धमा ।

व) पशुपन्छीतर्फको रकम रकमान्तर गर्ने सम्वन्धमा ।

श)सोरठी गित तथा नृत्य कला प्रशिक्षण कार्यक्रमको लागि रकम उपलब्ध गराउने सम्वन्धमा।

ष)अत्यावश्यक औषधी खरिद गर्ने सम्वन्धमा ।

बैठक संख्या: १२ मिति २०८२/०१/०९ गतेका निर्णयहरु

निर्णय नं.१-प्रस्ताव नं.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा छलफल गर्दा मिति २०८१/११/२९ मा बसेको बैठकका निर्णयहरुको सम्बन्धमा समीक्षा गरियो ।

निर्णय नं.२-प्रस्ताव नं.२ योजना कार्यक्रमको प्रगति समीक्षा सम्बन्धमा छलफल गर्दा योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति न्यून (पुंजिगततर्फ २८% मात्र) रहेकोले कामलाई तिव्रताकासाथ अगाडि बढाई उच्च प्रगति हासिल गर्ने निर्णय गरियो ।

निर्णय नं.३-प्रस्ताव नं.३ प्रदेश विशेष योजना/कार्यक्रम छनोट सम्बन्धमा छलफल गर्दा आ.व. ०८२/०८३ का लागि लुम्बिनी प्रदेश योजना आयोगको च.नं.२४८ मिति २०८१/१२/२९ को पत्रानुसार निम्नानुसारका योजना तथा कार्यक्रम छनोट गर्ने निर्णय गरियो ।

प्रदेश विशेषतर्फका योजना/आयोजनाहरु

| क्र.स. | योजना/आयोजनाको नाम | प्रमुख क्षेत्रहरु | आ.व. २०८२/०८३ | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि प्रशोधन उद्योग स्थापना तथा सञ्चलन वडा नं ६, जोहाङ | सम्वन्धित क्षेत्रमा उत्पादन भएको खाद्यान्नले सो क्षेत्रको माग धान्न अपुग भएमा त्यस्तो क्षेत्रमा खाद्यान्न उत्पादन अभिबृद्धि गर्न संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि तथा वितरण सम्वन्धी योजना तथा कार्यक्रमहरु | ४० लाख | ४० लाख | |
| २ | लिपिगैरा नयाँ वस्ती खानेपानी योजना वडा नं १,अक्लेवा | खानेपानी सेवाबाट वञ्चित रहेका क्षेत्र र समुदायहरुको लागि खानेपानी सुविधा उपलब्ध गराउने विशेष योजना तथा कार्यक्रमहरु | ४० लाख | ४० लाख | |

आवश्यकता तथा औचित्य:

१. -मूल्य अभिवृद्धि: कच्चा कृषि उपजलाई प्रशोधन गर्दा मूल्य बढ्छ, जसले कृषक र उद्यमीलाई बढी आम्दानी दिन्छ।

-रोजगार सिर्जना: प्रशोधन उद्योगले ग्रामीण तथा शहरी क्षेत्रमा ठूलो मात्रामा रोजगारी सिर्जना गर्छ।

- खाद्य सुरक्षा र नोक्सानी न्यूनीकरण: प्रशोधनले कृषि उपजको संरक्षण, भण्डारण र दीर्घायु बढाउँछ, जसले खाद्य सुरक्षामा योगदान दिन्छ।
- निर्यात र प्रतिस्पर्धा: प्रशोधित वस्तु निर्यात गर्न सकिन्छ, जसले देशको व्यापार घाटा घ्टाउन र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सहयोग गर्छ।

२. -जनसंख्या वृद्धि र बसोबासको विस्तार

-स्वास्थ्य र सरसफाइमा सुधार

-सामाजिक न्याय र समावेशिता

-पूर्वाधार विकासमा योगदान

- आर्थिक गतिविधिमा सहयोग

**निर्णय नं.४**-प्रस्ताव नं.४ प्रस्ताव नं.४-सत्यवती गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८० संशोधन सम्वन्धमा छलफल गर्दा निम्नानुसारका बुँदाहरु संशोधन गर्ने निर्णय गरियो ।कार्यविधिको परिच्छेद २(३)को बुँदा नं. ४ थप गरिएको- "समायोजन भई घटुवा भएका वा तह वृद्धि गर्न तोकिए वमोजिमको मापदण्ड पुरा गरेका विद्यालयहरुलाई क्रमश कक्षा थप गर्न अनुमति प्रदान गरिनेछ " ।

**निर्णय नं.५**- प्रस्ताव नं.५-गौरीशंकर आ.वि. सत्यवती ५ हँसरालाई कक्षा ४ सञ्चालन गर्ने अनुमती दिने सम्वन्धमा छलफल गर्दा उक्त विद्यालयको मिति २०८१/१०/२३ को ४ कक्षा सञ्चालन गर्ने अनुमति मागको पत्र तथा अनुगमन समितिको सिफारिसको आधारमा विद्यार्थी संख्या ३ कक्षामा ८ जना भएकोले विद्यालयको मापदण्ड पुरा भएको हुँदा आ.व. ०८२/०८३ देखि ४ कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.६ विविध निम्नानुसारका योजनाहरुमा निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।**

क) आदर्श समाजको शौचालय निर्माण वडा नं. ३ -रु.७०,०००/ भैपरी शीर्षकवाट

ख) देउडाँडा वगालेटोल पैदल मार्ग निर्माण वडा नं.१- रु.५०,०००/ भैपरी शीर्षकवाट

ग) कुटडाँडा खेलकुद मैदान घेरावार वडा नं.३- रु.१ लाख ८० हजार (भैपरी शीर्षकवाट)

घ) हेल्थहट अगाडि मोटरवाटो निर्माण वडा नं. ५-रु.९७,९६७/ (भैपरी शीर्षकवाट)

ङ) सरस्वती मा.वि. लिम्घा कक्षाकोठा मर्मत तथा निर्माण-रु.२ लाख (विद्यालय भौ.पू. नि.शीर्षकवाट)

च) चेघाखोला पैदल मार्ग निर्माण-रु.८२,५००/ भैपरी शीर्षकवाट

छ) वडा कार्यालय भल व्यवस्थापन वडा नं. १-रु.६२०००/ भैपरी शीर्षकवाट

ज) पुरानो सत्यवती मा.वि. वाटो निर्माण वडा नं. ५-रु.९०,०००/ भैपरी शीर्षकवाट

झ) रुपा मिदुनको उपचार खर्चको लागि आ.स. उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ वस्ने संजीव मिदुनको श्रीमति रुपा मिदुन थापाको घाँस काट्ने क्रममा रुखवाट लडेर मेरुदण्ड पक्षघात भई उपचार गराई रहेको र उपचारमा धेरै नै पैसा खर्च भईसकेको र अरु थप उपचार गर्नुपर्ने भएको तर निजको आर्थिक अवस्था निकै नै कमजोर भएको निजको निवेदन र वडाको सिफारिस समेतलाई ख्याल गरी हालसम्म उपचारमा भएको खर्चको विल मध्ये रकम रु. ८५,०००/ आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

र. -जनसंख्या वृद्धि र बसोबासको विस्तार

-स्वास्थ्य र सरसफाइमा सुधार

-सामाजिक न्याय र समावेशिता

-पूर्वाधार विकासमा योगदान

- आर्थिक गतिविधिमा सहयोग

**निर्णय नं.४**-प्रस्ताव नं.४ प्रस्ताव नं.४-सत्यवती गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८० संशोधन सम्वन्धमा छलफल गर्दा निम्नानुसारका बुँदाहरु संशोधन गर्ने निर्णय गरियो ।कार्यविधिको परिच्छेद २(३)को बुँदा नं. ४ थप गरिएको- "समायोजन भई घटुवा भएका वा तह वृद्धि गर्न तोकिए वमोजिमको मापदण्ड पुरा गरेका विद्यालयहरुलाई क्रमश कक्षा थप गर्न अनुमति प्रदान गरिनेछ " ।

**निर्णय नं.५**- प्रस्ताव नं.५-गौरीशंकर आ.वि. सत्यवती ५ हँसरालाई कक्षा ४ सञ्चालन गर्ने अनुमती दिने सम्वन्धमा छलफल गर्दा उक्त विद्यालयको मिति २०८१/१०/२३ को ४ कक्षा सञ्चालन गर्ने अनुमति मागको पत्र तथा अनुगमन समितिको सिफारिसको आधारमा विद्यार्थी संख्या ३ कक्षामा ८ जना भएकोले विद्यालयको मापदण्ड पुरा भएको हुँदा आ.व. ०८२/०८३ देखि ४ कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।.

**निर्णय नं.६** विविध निम्नानुसारका योजनाहरुमा निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) आदर्श समाजको शौचालय निर्माण वडा नं. ३ -रु.७०,०००/ भैपरी शीर्षकवाट

ख) देउडाँडा वगालेटोल पैदल मार्ग निर्माण वडा नं.१- रु.५०,०००/ भैपरी शीर्षकवाट

ग) कुटडाँडा खेलकुद मैदान घेरावार वडा नं.३- रु.१ लाख ८० हजार (भैपरी शीर्षकवाट)

घ) हेल्थहट अगाडि मोटरवाटो निर्माण वडा नं. ५-रु.९७,९६७/ (भैपरी शीर्षकवाट)

ङ) सरस्वती मा.वि. लिम्घा कक्षाकोठा मर्मत तथा निर्माण-रु.२ लाख (विद्यालय भौ.पू. नि.शीर्षकवाट)

च) चेघाखोला पैदल मार्ग निर्माण-रु.८२,५००/ भैपरी शीर्षकवाट

छ) वडा कार्यालय भल व्यवस्थापन वडा नं. १-रु.६२०००/ भैपरी शीर्षकवाट

ज) पुरानो सत्यवती मा.वि. वाटो निर्माण वडा नं. ५-रु.९०,०००/ भैपरी शीर्षकवाट

झ) रुपा मिदुनको उपचार खर्चको लागि आ.स. उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ वस्ने संजीव मिदुनको श्रीमति रुपा मिदुन थापाको घाँस काट्ने क्रममा रुखवाट लडेर मेरुदण्ड पक्षघात भई उपचार गराई रहेको र उपचारमा धेरै नै पैसा खर्च भईसकेको र अरु थप उपचार गर्नुपर्ने भएको तर निजको आर्थिक अवस्था निकै नै कमजोर भएको निजको निवेदन र वडाको सिफारिस समेतलाई ख्याल गरी हालसम्म उपचारमा भएको खर्चको विल मध्ये रकम रु. ८५,०००/ आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

ञ। राष्ट्रिय परिचय पत्र बनाउने र वितरण गर्ने कार्यक्रममा सत्यवती गाउँपालिकाको वडा नं. १ देखि ८ सम्म खाना,खाजा,वास तथा यातायात खर्च उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा उक्त कार्यक्रममा जिल्लावाट खटिएका कर्मचारी तथा राष्ट्रिय परिचयपत्र वितरणमा प्रत्येक वडामा दिनसम्म सहयोग गर्न खटिएका कर्मचारी तथा जनप्रतिनिधिहरुको समेत जम्मा खर्च रकम रु.४,५०,३६५/ विविध कार्यक्रम खर्च दिवस मनाउने समेत शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

ट। खैरेनी वजारको नाली व्यवस्थापन खर्च भुक्तानी सम्वन्धमा छलफल गर्दा उक्त काममा भएको खर्च रकम रु. २२,१००/ मोटरवाटो मर्मत सम्भार शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

ठ। भानु आधारभूत विद्यालय (वडा नं. ३) लाई रङ रोगन गर्न रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा उक्त विद्यालयलाई सो कामको लागि रकम रु.५० हजार विद्यालय भौतिक पूर्वाधार शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

ड। ईश्वरी आधारभूत विद्यालय (वडा नं. ८) मा मिति २०८१/१२/२७ गते आएको हावाहुरीले सो विद्यालयको छाना उडाई पूर्णरुपमा क्षति गराएकोले सो को पुनः निर्माणको लागि टिनको छाना छाउनु पर्ने भएकोले सो कार्यको लागि प्राविधिक लागत अनुमानको आधारमा लाग्ने रकम रु.१लाख ६५ हजार विपद शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

ढ। जैनडाँडा खानेपानी तथा सिंचाई टयाङ्की निर्माण (वडा नं. ३) को लागि वजेट व्यवस्था सम्वन्धमा छलफल गर्दा उक्त टोलमा वसोवास गर्ने घर संख्या र तरकारी खेती गर्ने टनेल संख्या थप भएकोले खानेपनी व्यवस्थापन र टयाङ्की निर्माणको लागि रकम रु. ४८,०००/ खानेपानी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

ण। रेकर खानेपानी मर्मत योजना (वडा नं. ६) को लागि वजेट व्यवस्था सम्वन्धमा छलफल गर्दा उक्त टोलमा खानेपानी व्यवस्थित गर्नको लागि लागत मूल्याङ्कनको आधारमा रकम रु. ८१,८३३/ खानेपानी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

त। सिंचाईकुलो निर्माण योजनाको नाम संशोधन सम्वन्धमा छलफल गर्दा मिति २०८१/११/२९ को कार्यपालिका वैठकको निर्णयवाट साना सिंचाई कार्यक्रम अन्तर्गत मोलेटाटी सिंचाई कुलो वडा नं. १ निर्माणको लागि रकम रु.२ लाख विनियोजन गरिएकोमा उक्त योजनाको उपभोक्ता समितिले सम्झौता गरिसकेपछि काम गर्न नसक्ने भनी निवेदन दिएकोले सो योजनाको सट्टामा चौर फाँट सिचाई कुलो निर्माण वडा नं. १ कायम गरी संशोधन गर्ने निर्णय गरियो ।

थ। जोखिमयुक्त रुख कटान गर्ने व्यक्तिको पारिश्रमिक उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा उक्त काम गर्ने वडा नं. १ निवासी श्री भुमिलाल कुँवरको पारिश्रमिक रकम रु.३५,७००/ भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

द) रैकर सिंचाई कुलो मर्मत योजनाको रकम उपलब्ध गराउने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ मा रहेको रैकर सिंचाई कुलो मर्मतको लागि रकम रु.३७,५००/सिंचाई शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ध) रकम रकमान्तर गर्ने सम्बन्धमा छलफल गर्दा मेलमिलाप कर्ताको तालिम कार्यक्रम शीर्षकमा कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास शीर्षकबाट रकम रु १,७०,०००/ रकमान्तर गर्ने निर्णय गरियो।

न) लागत साझेदारीमा ड्रिलट्याङ्क खरिदको रकम भुक्तानी गर्ने सम्बन्धमा छलफल गर्दा सत्यवती गाउँपालिका वडा नं. १ बस्ने निर्मला पाण्डे र हिरा कुँवर थापाले बेमौशमी तरकारी खेती गर्दै आईरहेको तथा सो को लागि लागत साझादारीमा ड्रम माग भएकोले रकम रु.१३,८९९/ लागत साझेदारी शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

प) लिम्घा पम्फुका घोरेटो बाटो मर्मतको रकम भुक्तानी गर्ने सम्बन्धमा छलफल गर्दा उक्त बाटोमा आवतजावत गर्न समस्या भई मर्मत कार्य गर्दा भएको खर्च रकम रु.८०००/ भैपरी शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

फ) कालिका आ.वि.को नाली तथा पेटी निर्माणको रकम भुक्तानी गर्ने सम्बन्धमा छलफल गर्दा उक्त विद्यालयको नाली तथा पेटी निर्माणको रकम रु.१०६७०/ विपद् शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ब) साहघाट लिम्घा मोटरबाटो निर्माण तथा स्तरोन्नति कार्यको भेरियसन स्वीकृत गर्ने सम्बन्धमा छलफल गर्दा उक्त सडक खण्डमा road excavation कार्य गर्दै जादा सडकको तल्लतो भागमा सडक भासिदा टेवा पर्खालको परिमाण थप गर्नुपर्ने आवश्यकता देखिएको हुँदा सो थप कार्य समेतकोलागि रु.२७,४५,८१७.२५(मू.अ.कर र पि.एस.सहित)को संशोधित ल.ई. स्वीकृत भएको ।

सो थप कार्यको लागि पहिले सम्झौता भएको रकम रु. २४,४५,६२०।४६ (मू.अ.कर र प.एस सहित) मा रु ६३४.७४ घटी भई जम्मा रु २४,४४,९८५।७२ (अक्षेरेपि चौविस लाख चवालिस हजार नौ सय पचासी रुपैंया, बहतर पैसा मात्र) लाग्ने देखिएकोले उक्त भेरियसन आदेश स्वीकृत गर्ने सम्वन्धमा "सार्वजनिक खरिद ऐन,२०६३" को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकेको परिस्थिती सिर्जना भई ऐनको दफा ५४ बमोजिम भेरियसन आदेश जारी गर्नुपर्ने भएकोले आवश्यक प्रक्रिया पुरा गरी कमी हुन गएको रकमको भेरियसन स्वीकृत गरी निर्माण व्यवसायीलाई थप कायदिश दिने निर्णय गरियो।

भ) लागत सहभागितामा उन्नत गाई/भैसी खरिदको लागि रकम व्यवस्थापन गर्ने सम्वन्धमा छलफल गर्दा उक्त कार्यको लागि रकम रु.८,२५,०००/लागत सहभागिता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

[illegible] कुनै आ.वि.को भवन मर्मतका लागि रकम उपलब्ध गराउने सम्वन्धमा छलफल गर्दा [illegible] विषयगत क्षेत्रगतको प्रा.वि. भवन मर्मतको लागि रकम रु.१ लाख भैपरी शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

[illegible] कृषि विषय अन्तर्गत कफी, टिमुर र चिराउली वितरण तथा व्यवस्थापन कार्यक्रमको लाभग्राही छनोट गर्ने सम्वन्धमा छलफल गर्दा मिति २०८१/११/२७ गते प्रकाशित कफी, टिमुर, चिराउली वितरण तथा व्यवस्थापन कार्यक्रमको सूचना अनुसार प्राप्त भएका आवेदनहरुको स्थलगत अध्ययनको आधारमा नर्सरी स्थापना तथा विरुवा रोपणको लागि ५०% गाउँपालिका र ५०% लाभग्राहीले योगदान गर्ने गरी तपसिल अनुसारको लाभग्राही छनोट गर्ने निर्णय गरियो ।

| क्र.सं | कृषक फर्म/समूह/सहकारीको नाम | ठेगाना | अनुदान रकम |
|---|---|---|---|
| १ | आदर्श कृषि तथा पशुपालन समूह | सत्यवती-३ | ३,५०,०००/- |
| २ | पाण्डे कृषि तथा पशुपन्छी फर्म | सत्यवती-१ | ३,५०,०००/- |
| ३ | सत्यवती निराला एग्रो फर्म | सत्यवती-४ | २,००,०००/- |

[illegible] आ.व. ०८१/०८२ को कृषि विकास शाखा तर्फको टिमुरको विरुवा वितरण कार्यक्रमवाट फलफूलका विरुवा वितरण कार्यक्रममा वजेट रकमान्तर गर्ने सम्वन्धमा छलफल गर्दा सत्यवती गाउँपालिका आ.व. २०८१/०८२ को कृषि विकास तर्फको स्वीकृत टिमुरको विरुवा वितरण गर्ने कार्यक्रम रहेको हुदाँ यस आ.व. मा केरा, एभोकाडो, आँप, लिची लगायतको फलफूल विरुवाको माग धेरै रहेको र संघीय ससर्ततर्फको फलफूल विस्तारको वजेट अपुग हुने देखिएको हुदाँ गाउँपालिका कृषि विकास शाखामा रहेको टिमुरको विरुवा वितरण कार्यक्रमबाट आवश्यक फलफूल विरुवा वितरण कार्यक्रममा रकम रकमान्तर गरी फलफुलका विरुवा वितरण गर्ने निर्णय गरियो ।

[illegible] रैथाने वाली प्रवर्द्धन कार्यक्रम सम्वन्धमा छलफल गर्दा स्थानीय तहमा हस्तान्तरित ससर्त कार्यक्रम अन्तर्गत रैथाने वाली प्रवर्द्धन कार्यक्रमको माटो स्वास्थ्य सुधार, प्रविधि प्रसार एवंम् प्राविधिक सेवा टेवामा उपदफा (अ) नमुना भकारो सुधार अभियान / सुधारिएको गोठेमल अन्तर्गत प्रति कृषक रु. ७०००/- र रु. ७०००/- गाउँपालिकावाट अनुदान स्थानीय आवश्यकता अनुसार नर्मसल अनुसारका कृषक समूहलाई कार्यक्रम संचालनको लागि छनोट गर्ने निर्णय गरियो ।

| क्र.सं. | कृषक समुहको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सयपत्री बहुउद्देशीय कृषक समूह | स.गा.पा-२ | |
| २ | कृषि तथा दुग्ध उत्पादक समूह | स.गा.पा-६ | |
| ३ | एकलिंग कृषि तथा पशुपालन समूह | स.गा.पा-४ | |

[illegible] सोरठी गित तथा नृत्य कला प्रशिक्षण कार्यक्रमको लागि रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. मा सञ्चालन हुने सोरठी गित तथा नृत्य कला

प्रशिक्षण कार्यक्रमको लागि रकम रु.१लाख ५० हजार लक्षित वर्ग कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । ग।पशुपन्छीतर्फको रकम रकमान्तर गर्ने सम्बन्धमा ।

ग।पशुपन्छीतर्फको रकम रकमान्तर गर्ने सम्बन्धमा छलफल गर्दा निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो।

| क.स | साबिकको शीर्षक | रकम रु | रकमान्तर हुने शीर्षक | रकमान्तर हुने रकम रु |
|---|---|---|---|---|
| १ | समूह परिचालन सहयोग र शसक्तिकरण | २००००/ | समूहको प्रगति समीक्षा कार्यक्रम | २००००/ |
| २ | जुनोटिक रोगबारे सचेतना कार्यक्रम | ३३०००/ | विविध कार्यक्रम सञ्चालन व्यवस्थापन | ३३०००/ |

घ।अत्यावश्यक औषधी खरिद गर्ने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव भएको तथा जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा विरामीको प्रवाह वढि भएको र टेण्डर प्रक्रियामा जादा समय वढि लाग्ने भएकोले कोटेशन मार्फत खरिद गर्ने निर्णय गरियो ।

CamScanner